## आमाबुवाहरू अबेर नगर्नुहोस् – आफ्ना प्रश्नहरूको जवाफ अहिले नै प्राप्त गर्नुहोस्!

साना केटाकेटीहरू कसरी हुर्कन्छन् भन्ने बारे थाहा पाउन र तपाईँको शिशुको सिक्ने र हर्किने प्रक्रियामा मद्दत गर्ने उपायहरू जान्नको लागि हाम्रो वेब साइट

**HelpMeGrowMN.org**

**हेर्नुहोस् अथवा स्थानीय स्वास्थ्य उपचार प्रदातालाई फोन गर्नुहोस्।**

## तपाईँ आफ्नो शिशुको हुर्काइका बारेमा जिज्ञासा राख्नुहुन्छ भने...

र तपाईँको शिशुलाई सिक्ने क्रममा थप सहयोग चाहिन सक्छ भन्ने लाग्छ भने अथवा तपाईँको बच्चालाई खास मेडिकल वा स्वास्थ्य समस्या छ भने यो वेब साइट हेर्नुहोस् वा हामीलाई फोन गर्नुहोस्:

**HelpMeGrowMN.org**

**1-866-693-GROW (4769)**



फोटोहरू 3 पीज् फोटोग्राफी -को सौजन्यब

# help me GROW

**हेर्नुहोस्:**

HelpMeGrowMN.org

**फोन गर्नुहोस्:**

1-866-693-GROW (4769)

सहभागीहरूमा सामेल छन्:

Minnesota Department of Education

MINNESOTA MDH DEPARTMENT OF HEALTH

Minnesota Department of Human Services

12/13

Nepalese

# help me GROW

## जब आमाबुवाले जान्दछन्-बुझ्दछन्... शिशुहरू हुर्किन्छन्

grow

**एक शिशुका प्रारम्भिक वर्षहरूले, प्रायः नै, परिवारहरूको लागि हर्षोल्लास अनि उत्साह बोकेर ल्याउँछन् । जन्मको समयदेखि किण्डरगार्टनमा प्रवेशसम्मको अवधिमा शिशुहरू तीव्र गतिले हुर्किन्छन् साथै उनीहरूमा तीव्र गतिमा परिवर्तन हुन्छ, तथा उनीहरूले हरेक दिन सिक्दैजान्छन्।**



## कतिपय शिशुहरू अनि साना केटाकेटीहरूलाई सिक्न अनि हुर्किनको लागि अतिरिक्त सहायताको खाँचो हुन्छ

जब आमाबुवाले उनीहरूको शिशुको हुर्किने तथा विकसित हुने प्रक्रियामाथि ध्यान दिन्छन् तब उनीहरूले आफ्नो शिशु मुस्कुराएको, लड़ीबड़ी गरेको, बसेको, हिंड़ेको, खेलेको, गुनगुनाएको, रोएको अनि कुरा गरेको देख्नसक्छन्। हुन त सबै साना केटाकेटीहरू आफ्नै हिसाबले हुर्किन्छन् अनि त्यही दरमा उनीहरूमा परिवर्तन आउँछ, तर कतिपय शिशुहरू सामान्यभन्दा ढिलो विकसित हुन्छन्।

स्वास्थ्यका विशेष अवस्थाहरूले पनि शिशुहरूको विकासमाथि प्रभाव पार्छन्। आमाबुवाले नै आफ्नो शिशुलाई सबैभन्दा अधिक जान्दछन् र बुझ्दछन्, अनि यसकारण उनीहरूको शिशुको विकास अन्य शिशुहरू वा साना केटाकेटीहरूभन्दा भिन्नै प्रकारले भइरहेको तथ्य बारे उनीहरू नै सर्वप्रथम अवगत हुन्छन्।



grow

## निःशुल्क सहायता उपलब्ध छ

मिन्नेसोटाका त्यस्ता शिशुहरू **जो छिट्टै सहयोग पाउन योग्य छन्**, तिनीहरूले आफ्नै घर, शिशु हेरचाह केन्द्र वा स्कूलमा सहायता पाउन सक्छन् । यी सेवाहरू **निःशुल्क** दिइन्छन् र यसले आम्दानी र प्रवासी दर्जासँग कुनै सरोकार राख्दैन।

## विशेषज्ञहरूबाट सहायता

आवश्यक सेवाहरू अनि समर्थनहरूको योजना बनाउनको लागि प्रारम्भिक बाल्यावस्थाका विशेषज्ञहरूले पात्रता भएका शिशुहरू अनि परिवारहरूसित मिलेर काम गर्नेछन्। यसमा निम्न बुँदाहरू सामेल गर्न सकिन्छ:

- विशेष निर्देश अनि अन्य सेवाहरू जसमा बोली, शारीरिक अनि वृत्तिसम्बन्धी रोगको उपचार सामेल छन्।
- परिवारले दैनन्दिनका क्रियाकलापहरू मार्फत उनीहरूको शिशुको विकासमा मद्दत गर्नसक्ने उपायहरू।
- सामुदायिक सेवाहरू अनि कार्यक्रमहरूमा संलग्नता।

प्रारम्भिक बाल्यावस्था विशेषज्ञहरूले **छिट्टै सहयोग पाउने** योग्यता नभएका केटाकेटीहरूलाई सामुदायिक संसाधनहरू पाउन र प्रारम्भिक बाल्यावस्था कार्यक्रमहरूबारे जानकारी पाउन मद्दत गर्छन्।

